annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २२०, पृष्ठ १० | काठमाडौं, बिहीबार ३ पुस २०८२ | पौष कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४६ | THURSDAY, DECEMBER 18, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## सार्वजनिक सेवामा डिजिटाइजेसन

# जटिलता हटेन, सास्ती टरेन

विश्व समुदाय कृत्रिम बौद्धिकता (एआई)को प्रयोगमा अघि बढेको छ । तर, मुलुकको सार्वजनिक सेवामा भने अझै पनि पूर्णरूपमा डिजिटाइजेसन भइसकेको छैन । अर्थात्, सरकारी काममा एउटै डकुमेन्ट बोकेर धेरैतिर धाउनुपर्ने, अनलाइनबाट बुझाउँदा पनि अनेक झन्झट बेहोर्नुपर्ने र एकद्वार प्रणाली लागू नहुँदा सेवाग्राहीले सास्ती बेहोरिरहेका छन् ।

**सुनिता कार्की** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २



*गुगल जेमिनी*

## नेपाल ट्रस्टको जग्गा भाडा ठगी प्रकरणमा पूर्वसचिव कार्कीसहित ४ जनाविरुद्ध मुद्दा दायर



**काठमाडौं** (अन्नपूर्ण) : नेपाल ट्रस्टको नाममा रहेको जग्गा लिजमा दिँदा ठगी गरेको अभियोगमा पूर्वसचिव अर्जुन कार्कीसहित ४ जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको छ।

नेपाल ट्रस्टका तत्कालीन सचिव कार्की, तत्कालीन सहसचिव लेखबहादुर कार्की, थामसेर्कु ट्रेकिङ प्रालिका सञ्चालक ल्हाक्पा सोनाम शेर्पा र थामसेर्कु ट्रेकिङ प्रालिविरुद्ध मुद्दा दायर भएको हो। सरकार र ट्रस्टलाई नोक्सानी हुने गरी पहिले कबोल गरिएको भन्दा कम अंकमा सम्झौता गरेको, सूचना प्रकाशन गर्दा लिजमा दिने भनिएको जग्गा लिजमा दिनेभन्दा बढी जग्गा राखेर सम्झौता गरिएको र तीन तला मात्र बनाउन स्वीकृति लिएकोमा पाँच तला निर्माण गरिएको दाबी गर्दै मुद्दा दायर गरिएको हो।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले गरेको अनुसन्धानका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले ठगी कसुरमा मुद्दा दर्ता भएको हो। दरबारमार्गस्थित जग्गा थामसेर्कु ट्रेकिङ प्रालिलाई लिजमा दिने निर्णयमा ठगी भएको अभियोग लगाइएको छ।

ठगी भएको बिगो नेपाल ट्रस्टलाई भराईदिन मागदाबी गरिएको छ। उनीहरूविरुद्ध ४ अर्ब ८६ करोड २५ लाख ५० हजार बिगो दाबी गरिएको छ। तीन तला निर्माण गर्नुपर्नेमा ५ तला निर्माण गरिएकोमा थप तिर्नुपर्ने ३८ करोड ८४ लाख ५३ हजार ४ सय ३० रुपैयाँ भराउन पनि माग गरिएको छ।

गणतन्त्र स्थापनापछि तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्य एवं उनीहरूको परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याएर राष्ट्रहितमा प्रयोग गर्न भनी नेपाल ट्रस्टको कार्यालय स्थापना गरिएको हो।

# आक्रमणकारीमाथि ५९ मुद्दा, नयाँ वर्षका कार्यक्रम रद्द

## अस्ट्रेलियामा आतंककारी आक्रमण

**जे पाण्डे** | *बोन्डाइ (अस्ट्रेलिया)*

बोन्डाइ समुद्र किनारमा पुगेका मानिसहरूका पहिरन पनि छाल झैं विविध देखिन्थे। कोही स्विमसुटमा आत्मविश्वासका साथ उभिएका थिए। बिकिनी र बाथिङ सुटमा आउनेहरूको पनि कमी थिएन। कसैको शरीरमा हल्का र छिटो सुक्ने पोसाक थियो। घाम र हावासँग खेल्न तयार। कभर-अप र स्पोर्ट्स वेयरमा सजिएका केही, खुलापन र सहजताको सन्तुलन खोजिरहेका देखिन्थे।



**बोन्डाइ समुद्री तटमा पौडिन जानेहरू समवेदना गर्दै ।** ● जे पाण्डे

कसैले सर्ट वा स्पोर्ट्स टी-सर्ट लगाएरै पानीसँग मित्रता गाँस्न आएका थिए। कतै भने सामान्य सर्ट र प्यान्टमै, आफ्नै संस्कृति र परम्परालाई बोकेर समुद्र किनारमा उभिएका दृश्य पनि देखिन्थे। समुद्रमा पस्नु वा पौडिनुअघि धेरैले स्विमसुट लगाउन थालेका थिए। कसैले शरीरका धेरै अंश देखिने गरी कपडाको बोझ फुकाले, कसैले भने सुरक्षित र आरामदायी पोसाकमै समुद्रसँग साक्षात्कार गर्न रोजे। तर, त्यो दिन सबै पहिले झैं कुदेर झ्याम्म समुद्रमा हाम फालेनन्। छालासँगै दौडिने उत्साहभन्दा उनीहरू किनारमै रोकिन चाहन्थे। समुद्री किनारमा मानिसहरू बिस्तारै भेला हुँदै थिए। किनारका अनेक स्थानमा छुट्टाछुट्टै समूहहरू आपसमा गोलो मानव घेरा बनाएर उभिएका थिए। बोन्डाइको तटमा यसरी मौन संवादमा डुबेको मानव घेराको दृश्य यसअघि कहिल्यै देखिएको थिएन।

सधैं अति रोमाञ्चक दृश्यहरूले भरिने सिड्नीको बोन्डाइ समुद्री तटमा किन फरक-फरक दृश्य देखिन थालेका थिए ? टाढाबाट हेर्ने हरेक व्यक्तिको मनमा एउटै जिज्ञासा घुमिरहन्थ्यो।

यो गर्मी मौसममा पहिले त समुद्र किनारमा पुग्नेहरू कुनै हिचकिचाहट बिनासोझै पानीमा डुबुल्की मार्थे। छालासँग खेल्दै आनन्द लिन्थे। तर, बुधबार त्यो दृश्य दोहोरिएको थिएन। किन त्यस्तो भइरहेको छैन ? यही प्रश्न किनार भरी आपसी कुराकानीमा सुनिन्थ्यो। बालबालिका हुन् वा युवा, समुद्री छालसँग खेल्दै पानीमा डुबुल्की मार्ने उत्साह त थियो, तर त्यसलाई व्यवहारमा उतार्न सबैजना अलि ढिलो गरिरहेका देखिन्थे।

खुलेआम समुद्रमा पौडिनु प्राकृतिक सौन्दर्यसँग रमाइलो गर्ने एउटा अनुपम अवसर पनि हो। कसैले पानीमा सिधै जम्प गरेर डुबुल्की मार्छन्, कसैले भने छालको चाल बुझ्दै बिस्तारै समुद्रभित्र पस्छन्।

» बाँकी पृष्ठ ६

## भेनेजुएलाका तेल ट्याांकरमा नाकाबन्दी लगाउन ट्रम्पको निर्देशन

**वासिङ्टन डिसी** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएला प्रवेश गर्ने तथा त्यहाँबाट बाहिरिने सबै तेल ट्याांकरहरूमाथि पूर्ण नाकाबन्दी लगाउन निर्देशन दिएका छन्। राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा लेख्दै भेनेजुएलालाई आतंकवाद, लागुपदार्थ तस्करी र मानव बेचबिखनमा संलग्न रहेको आरोप लगाएका छन्।

उनले आफ्नो पोस्टमा लेखेका छन्, 'भेनेजुएलाले क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षामा गम्भीर खतरा उत्पन्न गरिरहेको छ। त्यसैले भेनेजुएला प्रवेश गर्ने वा बाहिरिने सबै प्रतिबन्धित तेल ट्याांकरहरूमाथि पूर्ण नाकाबन्दी लगाउने आदेश दिएको छु।' यसअघि, करिब एक साताअघि अमेरिकाले भेनेजुएलाको तट नजिकबाट एक तेल ट्याांकर नियन्त्रणमा लिएको थियो। उक्त घटनाप्रति प्रतिक्रिया जनाउँदै भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोले अमेरिकी कदमलाई 'डकैती' को संज्ञा दिएका थिए। ट्रम्पको पछिल्लो आदेशले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा उतारचढाव आउन सक्ने विश्लेषकहरूले बताएका छन्।

# विद्युतीय मेसिनमा भोट हाल्नै २ घण्टा ५ मिनेटसम्म

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

'सजिलो त भयो, तर धेरै उम्मेदवार भएकाले समय धेरै लाग्ने रहेछ, बाँकेकी एकमाया विकले भनिन्, 'मलाई मतदान गर्न ३५/३६ मिनेट लाग्यो। उम्मेदवारको फोटो र नाम आउँछ तर सबै उम्मेदवारको नाम कण्ठ नभएकाले अलमल हुने रहेछ, त्यसले गर्दा धेरै समय लाग्यो।'

एमालेको नयाँ नेतृत्व चयनका लागि विद्युतीय मेसिनको प्रयोग भए पनि समय धेरै लागेकोमा मतदाता प्रतिनिधि दिक्क थिए। एमालेका २ हजार २ सय ६३ प्रतिनिधि छन्। बुधबार बिहान सवा ९ बजेबाट सुरु भएको मतदान अबेर रातिसम्म सकिएको छैन।

एमालेको निर्वाचन आयोगका उपाध्यक्ष सानुराज पोखरेलले एक जनालाई मतदान गर्न ९ मिनेटदेखि २ घण्टा ५ मिनेटसम्म समय लागेको जानकारी दिए। उनका अनुसार सरदर एक व्यक्तिलाई ३० देखि ३५ मिनेट लागिरहेको छ। बुधबार बिहान ११ बजेदेखि मतदान सुरु भएको हो।

अध्यक्ष केपी ओलीलाई ४० मिनेट समय लागेको थियो। वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आफूलाई १ घण्टा ४ मिनेट लागेको बताए। भोटिङ मेसिनबाट गरिएको मतदान सुस्त गतिमा भइरहेको छ। ८० वटा भोटिङ मेसिन भएकाले एक पटक ८० जनाले मतदान गर्न सक्छन्। समय धेरै लागेका कारण प्रतिनिधिहरू मतदान गर्न ६/७ घण्टासम्म लाइन




बसेका छन्। बिहान ११ बजे लाइन बसेकी बाँकेकी प्रतिनिधि विक बेलुका पौने ६ बजेमात्रै बाहिर निस्किएकी थिइन्। 'लाइन बस्दा-बस्दा ढाडै दुख्यो, पसिनाले सबै लुगा भिज्यो,' उनले भनिन्, 'बिहान ११ बजे लाइनमा बसेको साँझ पौने ६ बजेमात्रै भोट हालेर निस्किएँ।'

लामो समय लाइनमा बस्नुपर्ने बाध्यता हटाउन कुपन प्रणाली लागू गरिएको निर्वाचन आयोग उपाध्यक्ष पोखरेलले जानकारी दिए। 'टोकन प्रणाली लागू भएपछि लाइन बस्नु परेन, यताउता बस्दा हुन्छ, टोकन नम्बरअनुसार मतदान गर्न पाउने व्यवस्था गरिएको छ, उनले भने।

प्रतिनिधि विकले भोटिङ मेसिनबाट मतदान गर्न निष्पक्ष निर्वाचन हुनेमा आफूलाई विश्वास लागेको बताइन्। 'बदर हुने डर पनि हुँदैन, न धाँधली हुन्छ न बुथ क्याप्चर हुन्छ, यो त अति राम्रो प्रणाली रहेछ। अब स्थानीय तहको निर्वाचन भोटिङ मेसिन प्रयोग गरेमा निष्पक्ष चुनाव हुन्छ, पूर्वखजुरा गाउँपालिकी उपाध्यक्षसमेत रहेकी विकले भनिन्। एमालेले लोकतान्त्रिक अभ्यासका साथ ११ औं महाधिवेशन गरिरहेको छ। मंसिर २७ गते उद्घाटन गरिएको महाधिवेशन जारी छ। बुधबार बिहानबाट महाधिवेशन मतदान कार्य सुरुवात गरेको हो। बिहान ९ बजेर १२ मिनेटमा मतदान थालिएको हो। निर्वाचन आयोग उपाध्यक्ष पोखरेलअनुसार यसपछि लगातार मतदान भइरहेको छ।

अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष पोखरेलले भोट हालेर मतदान थालिएको थियो। पोखरेलले आफूलाई १ घण्टा ४ मिनेट समय लागेको बताए। 'थोरैमा १२/१५ मिनेटदेखि धेरैमा दुई घण्टासम्म लागिरहेको सुन्दै छु। मलाई नै १ घण्टा ४ मिनेट लाग्यो,' उनले भने। क्लस्टरअनुसार मतदान गर्नुपर्ने भएकाले लामो समय लागिरहेको उनले बताए। यो समाचार तयार गर्दासम्म लगातार मतदान भइरहेको छ। एमालेका केन्द्रीय सदस्य महेशकुमार बर्तौला बुधबार रातभरि मतदान हुने बताउँछन्। उनले आफू टोकन लिएर बसिरहेको बताए। केन्द्रीय सदस्य सूर्य ढकाल लोकतान्त्रिक अभ्यासको प्रयोग गरेर एमालेको निर्वाचन भइरहेको बताए। मतदान प्रक्रिया लामो भए पनि भोटिङ मेसिनबाट छिटो परिणाम आउने उनले बताए।

एमालेमा ओली र पोखरेल प्यानलबीच प्रतिस्पर्धा छ। महासचिवमा ओली प्यानलबाट शंकर पोखरेल र ईश्वर प्यानलबाट सुरेन्द्र पाण्डेको भिडन्त छ। दुवै एमालेका वैचारिक र निस्कलंक छवि बनाएका नेता हुन्। ओली समूहबाट उपाध्यक्षमा रामबहादुर थापा, विष्णुप्रसाद पौडेल, गुरु बराल, पृथ्वीसुब्बा गुरुङ र रघुजी पन्तको उम्मेदवारी। उपमहासचिवमा विष्णु रिमाल, रघुवीर महासेठ र लेखराज भट्टको उम्मेदावरी परेका छन्। त्यस्तै सचिवमा शेरधन राई, हिक्मतकुमार कार्की, भानुभक्त ढकाल, महेश बस्नेत, डा. राजन भट्टराई, खगराज अधिकारी, छविलाल विश्वकर्मा, पद्माकुमार अर्याल र यामलाल कँडेलको उम्मेदवारी परेको छ।

ईश्वर पोखरेल समूहबाट गोकर्ण विष्ट, बृन्दा पाण्डे, अरुण नेपाल र टंकप्रसाद कार्की र पर्शुराममेघी गुरुङ उपाध्यक्षमा उम्मेदवार भएका छन्। उपमहासचिवमा योगेश भट्टराई, आनन्दप्रसाद पोखरेल र बैजनाथ चौधरी छ। सचिवमा विनोद ढकाल, अग्निप्रसाद खरेल, इन्द्रलाल सापकोटा, कर्णबहादुर थापा, गोकुलप्रसाद बास्कोटा, ठाकुरप्रसाद गैरे, पुरुषोत्तम पौडेल, रचना खड्का र कृष्णगोपाल श्रेष्ठ उम्मेदवार छन्।

महाधिवेशनमा २ हजार २ सय ६३ प्रतिनिधि छन्। १९ पदाधिकारीसहित ३ सय १ सदस्यीय केन्द्रीय कमिटी तथा दुई आयोगको लागि प्रतिनिधिले मतदान गर्नुपर्नेछ। ६ सय ४२ जना उम्मेदवार छन्। जसमा १२ जना भने निर्विरोध भएका छन्। एमाले महाधिवेशनले राजनीतिक गतिविधिलाई बढाएको छ। यता मतदानस्थल भृकुटीमण्डपको बाहिर प्रदर्शनी मार्ग प्रतिनिधि र कार्यकर्ता ठूलो जमघट छ । उनीहरू आफू निकट उम्मेदवार र समूहको प्रचार-प्रसार गरिरहेका छन्।